स्थापना.२०४५सन १९८८ का.जि.द.न.१४९।०५३।०५४

# नेपाल मानव अधिकार संगठन
## Human Rights Organisation of Nepal
केन्दीय कार्यालय, अनामनगर, काठमाण्डौं (Central Office, Kathmandu)

मिति- २०७४ /३/ ४

### कपिलवस्तुमा भएको वम विष्फोटको भत्सर्ना

निर्वाचनका क्रममा आजका लागि तोकिएको उम्मेदवारको मनोनयन दर्ता चलिरहेको अवस्था कपिलवस्तु जिल्लाको बाणगंगा नगरपालिका परिसरमा बम बिस्फोट गराइएको घटनाप्रति हाम्रो गम्भीर ध्यानाकर्षण भएको छ । सो घटनाको मानवअधिकार संगठन घोर भ्रत्सना गर्दछ । सो कार्यलाई कायरताको पराकाष्टा ठहर गर्दै जोसुकै व्यक्ति वा समूहले सो घटना घटाएको भए पनि त्यस्ता कार्य नगर्न सम्बद्ध पक्षसँग आग्रह गर्दछौं ।

घटनाको तत्काल अनुसन्धान गरी कानुनी कारबाही गर्न संगठन सरकारसँग माग गर्दछ । साथै घटनाका घाइतेको शीघ्र स्वास्थ्य लाभको कामना गर्दै उपचारका लागि पर्याप्त प्रबन्ध गर्न पनि सरकारसँग अनुरोध गर्दछौं । साथै जुनसुकै बहानामा गरिने हिंसा र बर्बरतालाई कायरहरुले गरेको मानवताविरोधी कार्य मान्दै यस्ता घटनालाई कसैको पनि निहीत स्वार्थपूर्तिको अस्त्र नबनाउन चेतावनी दिन्छौं ।

ईन्द्र प्रसाद अर्याल
अध्यक्ष